# ५ वातावरण

**यस अध्यायको निम्ति पढ्नुहोस्:** उत्पत्ति १-२:७, उत्पत्ति २:१८-२४, उत्पत्ति ३:७, १७-१९, भजन २४:१, मत्ती २५:३४-४६, मर्कूस २:२७, २८, मर्कूस ३:४।

**स्मरण गर्नुपर्ने पद:** "यो पृथ्वी परमेश्वरको स्वामित्वमा छ। यसमा भएका यावत थोकहरू पनि उहाँकै हुन्।" भजन २४:१।

आदम र हवाको निम्ति वातावरण अर्थात् पर्यावरण तयार गर्न सृष्टिकर्ता येशू (यूहन्ना १:१-३) सृष्टिको प्रथम पाँच दिन बिताउनु भएको थियो। ती मानव जीवहरूको सृष्टि हुनै लागेको थियो। जब उहाँले सबै सृष्टि गर्नुभएपछि आदम र हवालाई सृष्टि गर्नुभयो तब उनीहरूलाई अदनको बँगैचामा राख्नु भयो र सबै जीव जीवातहरूको रेखदेख र स्याहार सुसार गर्ने जिम्मेवार उनीहरूलाई दिनुभयो (उत्पत्ति २:८,९)। पृथ्वीमा भएका सबै सृष्टिहरूको अध्ययन गर्न, तिनीहरूबाट आनन्द लिन र तिनीहरूको वृद्धि तथा संवर्धन गर्ने अवसर आदम र हवालाई दिइएको थियो। परमेश्वरसँगको सम्वन्धमा मोहर लाउने काम सब्बथले गरेको थियो।

तर ती सुमधुर जीवन र सम्वन्धलाई निरन्तरता दिने योजनालाई पापले गर्दा परिवर्तन गरियो। प्राकृतिक वातावरण मानव जातको निम्ति बैरी हुन पुग्यो। आनन्दसँग काम गर्नुपर्ने ठाँउमा अब कडा परिश्रम गर्नुपर्‍यो। मानिसको जीवनमा व्यक्तिगत स्वार्थ र सर्वोच्चताले उच्च स्थान लियो। पृथ्वीका प्राकृतिक श्रोतहरूको दुरुपयोग गर्न सुर गरियो र आज पनि त्यो काम कायम नै भइरहेको छ। रुखहरू जथाभावी काट्न थालियो, त्यसको कारणले पानीको दिशा परिवर्तन भएको छ। वातावरण झन झन दुषित हुन्दै गएको छ। उर्वर जमिनलाई जथाभावी बिगारीएको छ। स्वस्थ शरीरको निम्ति घाम अत्यन्त महत्वपूर्ण छ। तर धेरै घाममा समय बिताउँदा स्वास्थ्यको निम्ति हानीकारक हुन्छ। तर मानव जातले असिमित रूपमा यस धर्तीलाई दुरुपयोग गरिरहँदा पनि यसले हामीलाई थामी राखेको छ।

यस अध्यायको झलकः हाम्रो प्राकृतिक वातावरण हाम्रो निम्ति परमेश्वरले दिनुभएको उपहार हो। हाम्रो जीवन र यस पृथ्वीमा भएका जीव जीवातहरू पनि परमेश्वरले हाम्रै निम्ति दिनुभएको छ। ती दुवैलाई संवर्धन गर्ने जिम्मेवारी हाम्रो हो।

## १. प्राकृतिक वातावरणको सृष्टि (उत्पत्ति २:१-७)

यो पृथ्वी र यसमा भएका जीवहरू कुनै सुनियोजित ढँगले नभएर अचानक भएका हुन् भनेर कतिपय मानिसहरूले तर्क गर्दछन्। करौडौं वर्ष लगाएर यस संसारको बनावट भएको हो र यसमा कुनै अदृष्य शक्तिको सोचबिचार समावेश भएको छैन भनेर दावी गर्दछन्। सबै जीवित वस्तुहरूको उपस्थिति भनेको भाग्यको खेल हो, यो संयोगले सृष्टि भएका हुन् भनेर अनेकौं मनगढन्ते सिद्धान्तहरूलाई मानिसको दिमागमा करेन्ट पठाएर परमेश्वरको अस्तित्वलाई धरातलमा राख्न खोजेको पाउँछौं। जतिसुकै बुज्रुक वर्गहरूले यसलाई सत्य सावित गर्न खोजेपनि यी केवल मानविय तर्कहरू मात्र हुन्। तर बाइबलले यस पृथ्वीको सृष्टि तथा हाम्रो सुरुलाई एकदम फरक ढंगले चित्रण गरेको छ। नास्तिक सिद्धान्तलाई जोड दिएर हाम्रो सुरु र उत्पत्तिमा उल्लेखित हाम्रो सृष्टिको कथामा आकास पातालको फरक छ। ती दुई दृष्टिकोणहरू यस्तो फरक छन् कि तिनीहरू कहिलेपनि सहमतमा आउँदैनन्। एक तर्क अर्कोसँग युगौंसम्म बाँझिरहेको हामी पाउँछौं।

उत्पत्ति १ र २:१-७ पढ्नुहोस्। परमेश्वरले जुन चरणवद्धरूपमा यस संसारलाई सृष्टि गर्नुभयो, आदम र हवालाई सृष्टि गरेर त्यस सृष्टिको चरमविन्दुमा पुगेको ती विवरणहरूले कसरी बताउँछन्? अरू कुनै जीव जिवात तथा अजीव प्रकृती भन्दा मानव जातको सृष्टि कसरी फरक छ?

एक छिनको लागि हाम्रो ध्यान सृष्टिको दृष्यमा लगाऔं। छ दिन लगाएर सारा सृष्टि उहाँको वचनले देखा परे। अव सृष्टिकर्ता परमेश्वरले पुरुष र स्त्रीको सृष्टि गर्न तयार हुनुभएको थियो। पहिला कुमालेले माटोलाई मुछेर भाँडो बनाएझैं उहाँले जमिनको माटो लिनुहुन्छ। एक कुशल शिल्पकार भएर मानवको आकारमा आदमलाई परमेश्वरले कुँद्नुहुन्छ। जब परमेश्वरको हातबाट भुँइको माटोले सृष्टि भएका सिद्ध मानव रूपी आदम अजिव भएर लडिरहन्छ तब उहाँले

सन्तोषको सास फेर्नुहुन्छ र उहाँ निहुरिएर उनको नाकमा जीवनको सास फुकिदिनुहुन्छ। जीवन दिने परमेश्वरले आदमलाई जीवन दिएर एक जीवित प्राणीको रूपमा खडा गराउनुहुन्छ। मुखको वचनले नभएर हातको कुशल कार्यले कार्यरत भइ परमेश्वरले हाम्रो सृष्टि भएको चित्रण कस्तो आश्चर्यमय छ !, यसको विवरण हाम्रो वर्तमान पापमय दिमागले बुझ्न त्यत्ति सहज छैन।

अव फेरि अर्को महत्वपूर्ण विवरण त आदमको सृष्टिमात्र नभएर परमेश्वर एक कुशल चिरफार गर्ने चिकित्सकको रूपमा पनि कार्यरत हुनुभएको हामी पाउँछौं। उहाँले आदमलाई सुताउनुहुन्छ र उसको करङ्गहरूबाट एउटा करङ्ग उसले थाहा नपाउने गरी परमेश्वरले झिक्नुहुन्छ। त्यस करङ्गबाट हवालाई सृष्टि गर्नुहुन्छ र आदमको निम्ति जोडी तयार पार्नुहुन्छ। अनि हवा सारा मानव जातको निम्ति आमा हुन पुग्छिन्। यस सिद्ध र रमणिय धर्तीमा उनी आदमको पूर्ण सहयोगीको रूपमा खडा हुने अभिभारा उनलाई सुम्पेका हुन्छन् (पढ्नुहोस् उत्पत्ति २:१८-२४)। ती नयाँ जोडी रहन परमेश्वरले तयार गर्नुभएको सुन्दर र रमणिय अदनको बँगैचा उपहार दिनुहुन्छ।

यस पृथ्वीका अत्यन्त रमणिय र स्वस्थ स्थानमा रहन आदम र हवालाई परमेश्वरले दिनुभएको थियो। तिनीहरूको सिद्ध तथा उत्कृष्ट घर हरियापरिया घाँस, विभिन्न जातका रुखहरू र त्यसका पातहरू, विभिन्न जात तथा रङ्गका फूलहरू र फलफूलका बोटहरू, कलकल आवाज निकालेका नदी आदिहरू थिए। तर त्यस स्थानमा परमेश्वरले हाम्रा प्रथम् आमाबाबुलाई अल्छि भएर सुती सुती खान, घुमफिर मात्र गर्न र रमाइलो दृष्य हेरेर मोटाएर बस्नको निम्ति सृष्टि गर्नुभएको थिएन। तिनीहरूले बँगैचामा काम गर्नुपर्थ्यो र त्यसको हेरचाहा गर्नुपर्थ्यो। यसले गर्दा तिनीहरू जीवन सन्तुष्ट र रमाइलो हुन्थ्यो। परमेश्वर र उहाँको दोश्रो पुस्तक प्रकृतीको बारेमा अध्ययन गर्दै तिनीहरूको बौद्धिक ज्ञानमा उत्तरोत्तर प्रगति हुँदै जाओस् भन्ने परमेश्वरको योजना थियो।

उत्पत्तिको १ र २ अध्याय फेरि पढ्नहोस्। त्यहाँ यस्तो के लेखिएको छ जसले गर्दा हामी मानिस भएकोले यस पृथ्वीको सुरक्षा,

संवर्धन (हेरचाहा) र प्रवर्धन (हुर्काउन) जिम्मेवारी हामीलाई दिएर प्रबन्धक (स्टुवार्ड वा व्यवस्थापक)को अभिभारा सुम्पिएको छ?

## २. विश्राम दिन अर्थात् सब्बथको वातावरण (उत्पत्ति २:२,३)

सारा सृष्टि गरेपछि पनि जबसम्म सब्बथको दिनलाई सृष्टि गर्नुभएको थिएन तबसम्म सृष्टिको काम परमेश्वरले सिध्याउनुभएको थिएन। यो दिनको सृष्टि कस्तो फरक छ त?: पृथ्वी, जन्तु जनावरहरू, समुद्रहरू, हरियोपरियो घाँसहरू, विभिन्न जातजाका रुख तथा फलफूलका रूखहरू, चराचुरुङ्गीहरू, पानीका जीवहरू र अन्तमा मानवको सृष्टि, तैपनि सारा सृष्टिको काम सम्पन्न भएको थिएन। परमेश्वरले समग्र मानव जातीको हितको निम्ति अन्तिम सृष्टि बिश्रामबार अर्थात् सब्बथ उपहार दिनुभएको थियो।

परमेश्वर आफै उदाहरणिय भएर सब्वथ दिनमा बिश्राम लिनुभएको थियो भनेर उत्पत्ति २:२,३ कसरी बताउँछन्?

के परमेश्वर आफै सृष्टिकर्ताको भूमिका खेलेर हप्ताको सातौं दिनमा बिश्राम लिनुभएको थियो त? यसले सब्बथको गहिरो जग कहाँ रहेछ भनेर कसरी बताउँछ? सारा इसाई बिश्वासीहरूमा यो एउटा कुरामा यकिन हुनुपर्दछः कुनै यहुदी राष्ट्र र मानवजातका सन्तानहरू यस पृथ्वीमा फैलिनुभन्दा अघि नै परमेश्वरबाट सब्बथ आएका थिए।

सब्बथलाई आत्मसात् गर्नुको उद्देष्य हामी धर्मी ठहरिन र यसलाई पालन गर्दा मोक्ष पाउन नभएर यसले सृष्टिकर्ता परमेश्वर, उहाँको प्रेम र उहाँका सृष्टिप्रति स्नेहभाव राखेर कसरी हेरचाह गर्नुहुन्छ भनेर हाम्रो ध्यान आकर्षित गराउनु हो। जतिसुकै फलदायक र सजिलोसँग काम गर्नु परेतापनि यस सब्बथले हाम्रो काम वा परिश्रमको सिमा तोक्न सहयोग गर्दछ।

जब यस संसारमा पापको प्रवेश भयो तब मानिसले काम गर्नु पर्दा कडा परिश्रम गर्नु पर्‍यो र जसको फलस्वरूप ऊ थाकिन थाल्यो (उत्पत्ति ३:१७-१९)। मानव कल्याणको निम्ति परिश्रममा सिमित राखोस् भन्ने परमेश्वर चाहनुभएको थियो। मानिसले आफू र आफ्ना कामबाट माथि उठेर परमेश्वरको आराधाना पनि गरोस् जसले गर्दा उसको जीवनमा परमेश्वर नजिक भएको आभास भएको उहाँ चाहनुभएको थियो। त्यसैले कडा परिश्रमबाट मानव शरीरले राहत

पाउन् र सृष्टिकर्ता परमेश्वरबाट अलग नहोउन् भनेर उहाँले सब्बथको सृष्टि गर्नुभएको थियो। त्यत्ति मात्र होइन यस सुन्दर पृथ्वी परमेश्वरको सृष्टि हो र यसलाई संभार गर्न मानिसलाई जिम्मा दिएको छ र त्यसमा हाम्रो ध्यान जाओस् भनेर हाम्रो अगाडि सब्बथदिन खडा भएको पाउँछौं।

तर शताव्दिऔं बितिसकेपछि सब्वथ बिश्रामको सत्य अर्थ हराइयो र केहि हदसम्म त्यसलाई कायम राख्न मानिसहरूले अनेकौं नितिनियमहरू बनाए। (यसले गर्दा परमेश्वरले जुन उद्देष्यले सब्बथ दिनुभएको थियो, त्यो उद्देष्य नै अत्यन्त ओझेलमा परे। त्यत्ति मात्र नभएर त्यस उद्देष्यलाई बिर्साउन सब्बथ दिन नै परिवर्तन गरेर सातौं दिनको सट्टा हप्ताको प्रथम् दिन मान्न लगाएर परमेश्वर सृष्टिकर्ता र हाम्रो पालनकर्ता हुनुहुन्छ भन्ने आत्मज्ञानलाई भुलाउन मानिसहरू प्रयत्नशील भए।)

प्रभु येशूले सब्बथको सत्य अर्थलाई सम्वोधन गर्नु भएको थियो। त्यो के थियो, हेर्नुहोस्: मर्कूस २:२७,२८ र मर्कूस ३:४।

परमेश्वरको योजना अनुसार प्रथम पटक स्थापना भएको सब्बथको सत्य अर्थलाई येशूले पुनःप्रस्तुत गर्नु भएको थियो। परोपकारी तथा भलो काम गरेर, परमेश्वरको राज्यमा रहन आत्मज्ञान बढाउन र सबैको सेवामा हाजिर हुन सब्बथ मानिसलाई दिइएको हो र यो परमेश्वरको दृष्टिकोण हो भनेर येशूले खुलाउनुभएको थियो।

यस सृष्टिमा दिएको अनेकौं गजबका उपहारहरूलाई अझ राम्ररी बुझ्न सब्बथले कसरी मद्दत गर्दछ र त्यस दिनलाई पालन गरेर कसरी हामी परमेश्वरको नजिक आएको आभास पाउन सक्छौं? परमेश्वरको सृष्टि र उहाँको चरित्रप्रति हाम्रो श्रद्धा जगाउन सब्बथले कतिको टेवा दिन सक्छ? अझ यस पृथ्वीको रखबाली गर्ने हाम्रो कर्तव्य हो भनेर यस दिनले हामीलाई कत्तिको सम्झाउँछन्?

३. पापको प्रवेशले गर्दा पर्यावरण अर्थात् वातावरणमा भएका परिवर्तनहरू (उत्पत्ति ३:७, १७-१९)।

परमेश्वरले मनाही गर्नुभएको फल खान्दा आदम र हवाले कुन् कहाली लाग्दो परिवर्तन भएको महशूस प्रथम पटक गरे? हेर्नुहोस्: उत्पत्ति ३:७, १७-१९।

जब आदम र हवाको जीवनमा पापको प्रवेश भयो तब तिनीहरूले डरलाग्दो परिणाम भोग्नु पर्‍यो। प्रथमतः तिनीहरूलाई पहिर्‍याएको ज्योतिको लुगा अलप भयो भनेर एलेन जी ह्वाईट लेख्नुहुन्छ। परमेश्वरको सुरक्षामा रहेको पृथ्वीमा परिवर्तन भयो। सारा प्राकृतिक वातावरणमा परिवर्तन आयो। काँडा, सिस्नु तथा बिषादी बोटबिरूवाहरू देखा परे। उर्वरा जमिन पनि सुक्खा भयो र खेतीपाती गर्न गाह्रो हुन गयो। अझ सबभन्दा भयङ्कर परिणाम त पापले गर्द मृत्युको उदय भयो। आदम र हवाले मृत्युलाई कहिलै पनि देखेको थिएन न त अनुभव नै गरेका थिए।

रमणिय तथा आनन्दमय वातावरणको रूप अचानक बदिलएको आदम र हवाले पाए। अब समय बित्दै जान्दा यस धर्तीसँग सामना गर्न अनेकौं असहज चुनौतीहरू उनीहरूले खेप्नु पर्‍यो। अझ समय बित्दै जाँदा मानव जातले (चाहे पुरुष, महिला वा केटाकेटी) आफ्नो भलाई र महिमाको निम्ति यस पृथ्वीलाई अनेकौं रूपमा दुरुपयोग गरेको हामीले पाइरहेका छौं।

परमेश्वरको यस सृष्टिलाई मानवजातले कसरी हेर्न थाल्यो भनेर १ राजा १०:१४-२२ले बताउँछन्?

हामीले यस पृथ्वीलाई गरिएको दुरुपयोग, नाश, बोटबिरूवा तथा अन्नमा पौष्टिक तत्वको ह्रास र मृत्यु अब स्वाभाविक जीवन चक्र भनेर मान्न कर लागेको छ। तर सुरुमा यस्तो थिएन। फेरि यो प्रक्रिया अनन्तसम्म हुन्छ भन्ने परमेश्वरको योजना पनि होइन। यस पृथ्वीलाई मानवजातको व्यवस्थापनले दुरुपयोग गर्दा यस पृथ्वी मानिसको पापी स्वभाव झैं कहालीलाग्दो भइरहेको छ भन्दा अत्युक्ति नहोला। लोभी मानिसहरूले भावी भविष्यका पिँढीहरूको ख्याल नगरी र जेसुकै होस् भनी आफ्नै स्वार्थपूर्तीको निम्ति यस पृथ्वीको अस्मिता हरण गरिरहेको जस्तो दुःख कुरा अरू के होला? यसले गर्दा हावा, पानीको अत्यन्त प्रदुषण भएको छ, उर्वरा माटोको नाश भएको छ, अनेकौं पुरानो र नयाँ रोगहरूले गर्दा यस पृथ्वीको आयु छोटो हुँदै गएको हामी पाउँछौं र यसको नविकरणको अत्यन्त खाँचो भएको भएको सबै क्षेत्रले आवाज उठाइरहेको हामी पाउँछौं। आफ्ना जीवनस्तर बढाउन यस पृथ्वीका

श्रोतहरूलाई नाश गर्दै वातावरणलाई क्षति गरेकोले मानिसहरूका स्वास्थ्यमा अनेकौं चुनौतीहरू देखा परिरहेका हामीले देखिरहेकाछौं।

धेरै वर्ष अघि एक जना राजनैतिक नेताले यो भावना व्यक्त गरेका थिए: "यस पृथ्वीका वातावरणको बारेमा हामीले चिन्ता लिनुपर्दैन किनभने येशू छिट्टै आउँदै हुनुहुन्छ छ।" यस्तो खालको अभिव्यक्ति किन खतरापूर्ण छ र यस पृथ्वीको लागि नै अनिष्ट हो भनेर मान्नु किन जरुरी छ? त्यसको जवाफ तपाईंले कसरी जवाफ दिनुहुन्छ?

## ४. यस पृथ्वीका वातावरण तथा पर्यावरणप्रति हाम्रो कर्तव्य (भजन २४:१,२)

भजन २४:१मा लेखेका छन्: "पृथ्वी र त्यसमा भएका जो-जती छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्। किनभने उहाँले त्यसलाई समुद्रमाथि बसाल्नुभएको छ, र पानीहरूको गहिराइमा त्यसलाई स्थापित गर्नुभएको छ।" यस अभिव्यक्तिले पृथ्वीप्रति हाम्रो कर्तव्य के रहेछ भनेर जनाउँछ। वर्तमान परिस्थितिमा जब हामी यस पृथ्वीको अवस्थालाई हेर्छौं तब हामी हरेकले आफूलाई यो सोच्नुपर्दछ, "यस पृथ्वीको वातावरणलाई सुधार गर्न मैले के गर्नुपर्दछ?"

यस पृथ्वीका स्वामी परमेश्वर हुनुहुन्छ भनेर हामीले सम्झिरहनु अत्यन्त महत्व मान्नुपर्दछ। उहाँ र उहाँले गर्नुभएको सृष्टिका कामहरूबाट हामी स्वतन्त्र छैनौं। यो धर्तीमात्र परमेश्वरको होइन, यहाँ भएका सारा मानिसहरू र जीव जीवात उहाँकै हुन्। उहाँले सृष्टि गर्नुभएको अन्य मानिसहरू र यस पृथ्वीका बाँकी सबै प्राणी तथा प्राकृतिक श्रोतहरूप्रति हाम्रो उत्तरदायित्व छ। यस भौतिक संसारमा अझ असल रचनाहरू छन्, र तिनीहरूको सुरक्षाको जिम्मा हामीलाई दिएको हुनाले, त्यो अभिभारा हरेक क्षेत्रका मानिसहरूले आआफ्नै ढँगले पूरा गर्न सक्दछन्।

उदाहरणमा हामीले पानीलाई लिन सक्छौं। हामीले यस पृथ्वीका अमूल्य श्रोत पानीलाई हिफाजतसाथ प्रयोग गर्न सक्छौं। जो मानिससँग सफा पानीको अभाव छ त्यसलाई हामीले सफा पानी उपलब्ध गराउन सक्छौं। संसारका कतिपय देशहरूमा (र नेपालमै पनि) सफा पानीको गम्भिर अभाव छ। यदि हामीमा सफा पानी छ भने

त्यसलाई जथाभावी प्रयोग नगरेर त्यसलाई जोगाउन सक्छौं ताकी अरुले प्रयोग गर्न सकोस्। पानी बिना कतिपय मानिसहरू मरीरहेका छन्। जब तपाईंले आफ्नो अञ्जुलीमा पानी लिनु हुन्छ त्यो पानीको अवसर नहुनेप्रति संवेदनशील हुनुहोस्।

अर्को परमेश्वरले हाम्रो शरीरलाई चाहिने पौष्टिक तत्वहरूलाई उपलब्ध गराइ दिनुभएको छ। हाम्रो शरीरको हितको लागि कस्तो खालको खाना हामी खानुपर्दछ भनेर उहाँले खाका (रूपरेखा) तयार गर्नुभएको छ। धेरै जना साकाहारी भए संसारमा खानेकुराको अभाव धेरै कम हुन्थ्यो किनकि मासु नखानेलाई भन्दा मासु खानेको निम्ति बढि प्राकृतिक श्रोतहरूको प्रयोग गर्नुपर्दछ।

हामीले बिरुवा र रुखहरूको स्याहार संभार गर्न सक्छौं। यी श्रोतहरूले हाम्रा हावालाई सफा राख्दछन्।

कार्बोन मोनाक्साइड भन्ने एक बिषादी रासायनिक तत्व छ जुन औद्योगीक कारखानाहरू र त्यसबाट उत्पादित उपकरणहरूलाई प्रयोगमा ल्याउँदा त्यसबाट आउँछ। यसलाई हामीले कम गर्न कोशिष गर्नसक्छौं। हाम्रो वातावरणलाई यसले दुषित तथा बिषादी बनाउने हुँदा संसारको धेरै बुज्रुकहरूमा यसप्रति अत्यन्त चासो देखाएको पाइएको छ। (डिसेम्वर २००९मा डेनमार्कको कोपनहेगन राजधानीमा करोडौं डलर खर्च गरेर यसको समस्याको हल गर्न बृहत सभा भएको थियो, जुन बिना निष्कर्ष र सहमतीबिना नै तुङ्गिएको थियो। त्यहाँ बिश्वका प्रमुख तथा प्रतिनिधीहरूको सहभागिता थियो।नेपालका प्रधानमन्त्री माधवकुमार नेपाल र उहाँका दर्जनौं दलबल सहित सहभागी भएका थिए। यो बेकारको सभा भनेर उहाँकै मुखबाट निस्किएको थियो।) हामीले चलाउने यातायात साधनहरूले निकालेका यस कालो कार्बोन धुँवाले अत्यधिक मात्रामा वातावरणलाई बिषादी बनाउँछन् र पर्यावरणलाई खतरापूर्ण प्रभावमात्र दाल्ने होइन हाम्रो मानव शरीरलाई पनि अनेकौं रोगहरू यसले निम्त्याउँछ।

यस पृथ्वीलाई सुव्यवस्थित ढँगले चलाउन हाम्रो जिम्मामा छोडिएको हुनाले यस धर्तीलाई रक्षा गर्न हाम्रो प्रयास जारी राख्नुपर्दछ। हाम्रो वातावरण प्रदुषित नबनाउन प्रयास गर्नुपर्दछ। यस धर्तीमा भएका असल श्रोतहरूको दुरुपयोग नगर्न कोशिष गरौं। हामीसँग भएका असल

थोकहरू, अरूको हितको निम्ति पनि प्रयोग गर्न दिऔं। यसो गर्दा अभावले ग्रस्त भएका हाम्रा मानव दाजुभाई तथा दिदीबहिनीहरूको दैनिक जीवनमा मद्दत पुऱ्याउन सक्दछौं। अरूको हित सोच्ने जिम्मेवारी अझ बढि मात्रामा हुने हामी इसाई भनेर दावी गर्नेहरूको हाम्रो धर्म हो।

येशूको सदिच्छा पूरा गर्न यस पृथ्वीको श्रोतहरूलाई राम्ररी उपयोग गर्न जरुरी छ। यसलाई सुव्यवस्थित ढँगले प्रयोग गर्न सकेमात्र हामीले अरूहरूको हित पूरा गर्न सक्छौं। येशूले मत्ती २५:३४-४६मा उहाँलाई विश्वास गर्ने तर उहाँको विश्वासीहरूको हेरचाह गर्ने वा नगर्नेहरूलाई उहाँले के गर्नुहुन्छ भनेर स्पष्ट धारणा व्यक्त गर्नुभएको छ। यी पदहरूलाई आत्मसात् गरेर पढ्नुहोस्। यस पृथ्वी र यसका जनहरू तथा जीव जीवातहरूप्रति हाम्रो जिम्मेवारी देखाउन बाइबलमा अन्त कहाँ कहाँ व्यक्त गरिएका छन्?

## ५. सूर्यलाई पूजा गर्नेहरू (२ राजा २३:५)

तत्कालै पापबाट संसारका वातावरणलाई कस्तो नकारात्मक प्रभाव पारेका छन् भनेर हामीले बुझ्न नसकौंला तर जब हामी अनन्तमा रहनेछौं त्यसबेला यसको बारेमा हामी अझ राम्ररी जान्नेछौं। हाम्रा प्रथम् पुर्खा आदम र हवा कस्तो संसारको वातावरणमा हुर्केका थिए भन्ने कुरा बुझ्न अहिले कठिन नै मान्नुपर्दछ।

हो, पापले यस पृथ्वीका श्रोत तथा वातावरणलाई मात्र प्रभाव पारेको छैन। यसले संसारको जुनसुकै कुनामा रहेतापनि प्रत्येक मानव जातीलाई असर पारेको छ। पापको प्रभावमा मानिस पतित भएको देखाउने एउटा प्रमुख उदाहरण मुर्ती पूजा हो। परम प्रभु सृष्टिकर्ता परमेश्वरलाई भुलेर सृष्टिलाई पूजा गर्नुले पापको प्रभावमा मानिस कति पतित भएर खस्केको रहेछ भनेर देखाउँदछ।

इस्रायलका मानिसहरूले कसरी मानव सृष्टि बालदेवता, अनि परमेश्वरका सृष्टि सूर्य, जून, नक्षत्रहरू, सम्पूर्ण ताराहरूमण्डलहरू धूप आदि बालेर तिनीहरूको पूजा गरेका थिए भनेर बाइबलका बिभिन्न पुस्तकहरूले जनाएकाछन्। उदाहरणमा हेर्नुहोस्ः २ राजा २३:५, यर्मिया ८:२ र इजकियल ८:१६। ती पदहरूले के भनिरहेकाछन्?

सृष्टिकर्ता परमेश्वरलाई बिर्सेर छठ पूजा आदि गरेर सूर्यको उपासना गर्ने कारण ती मानिसहरूमा के थियो?

हाम्रो पृथ्वीको असल वातावरणको निम्ति र हाम्रो स्वास्थ्यको निम्ति घामको किरण अत्यन्त जरुरी तत्व हुन् भनेर हामीले सकार्नुपर्दछ। तर बढि घाममा हामी पर्‍यौं भने यसले हाम्रो शरीरलाई खतरामा पार्दछ भन्ने तथ्यलाई पनि बिर्सनुहुन्न। धेरै घाममा परिरहँदा बिभिन्न खालाका चर्म अर्बूद अर्थात् क्यानसरहरू हुने बढि सम्भावना छने भनेर विज्ञहरूले बताएका छन्। त्यसकारण आधुनिक सूर्यका उपासकहरू प्राचिनकालका सूर्यका उपासकहरूभन्दा बुद्धिमानी छन् भनेर हामी भन्न सक्दैनौं।

अर्को कुरा भन्नुपर्दा घामले हामीलाई भिटामिन डी जस्ता पौस्तिक तत्वलाई उपलव्ध गराउँछ। भिटामिन डीले हाम्रो पाचन क्रियालाई क्रियाशील बनाउने कोषिकाहरू (मेटाबोलिजम्)लाई मजबूत पार्दछ र बलियो तथा स्वस्थ हाडहरू बनाउन सहयोग गर्दछ। ठिक मात्रामा घाममा बस्दा कुनै खालका क्यान्सरहरूबाट पनि बच्न सहयोग गर्दछ।

घामबाट अधिकतम रूपमा फायदा उठाउन हामीले के गर्नुपर्दछ त? अर्थात घाम कतिको हाम्रो स्वास्थ्यको निम्ति उपयोगी छ त? भुमध्य रेखाको नजिक बस्ने मानिसहरूको छाला गोरा हुन्छन् र तिनीहरू दिनमा कसमसेकम ५ मिनेट भिटामिन डीको निम्ति घाममा बस्नुपर्दछ। त्यहि क्षेत्रमा रहने काला छाला भएका मानिसहरू त्यत्तिकै मात्रामा भिटामिन डी पाउन कमसेकम आधा घण्टा घाममा बस्नुपर्दछ। तर संसारमा कतिपय यस्ता ठाँउहरू छन् जहाँ घाम लाग्दैन, त्यहाँका मानिसहरूले डाक्टरको सल्लाह अनुसार भिटामिन डी खानुपर्दछ।

हाम्रा कोठाहरूमा घाम पस्न दिनु पनि स्वस्थकर हुन्छन्। पर्दा खोलेर घाम पस्न दिंदा केहि किसिमका अश्वस्थ जीवाणुहरू (ब्याक्टेरिया)लाई घामले नाश गर्नसक्दछ।

चाहिने घामबाट बंचित हुने मानिसहरू बराबर उदास हुन्छन् भनेर खोजअनुसुन्धानकर्ताहरूले पत्ता लगाएका छन्। यस्ता मानिसहरू मौसमका प्रभावमा मुद्रा अथवा भावनाहरूमा गडबड भएकाहरू भनेर चिनिन्छन्। यस खालका समस्याहरू त्यस देशमा हुन्छन् जहाँ जाडोको

मौसममा दिन छोटो हुन्छ। यदि यस्ता खालका वातावरणमा मानिसहरू पर्नुपरेको छ भने तिनीहरू मान्छेले सृजना गरेका किरण अर्थात् बत्तीमा केहि समय बिताउनु पर्दछ।

निचोडमा भन्ने हो भने, परमेश्वरले दिनुभएको घामलाई हाम्रो सुस्वास्थ्यको निम्ति के हामीले बुद्धिमता पूर्वक प्रयोग गरिरहेका छौं त? यो प्रश्नको जवाफले तपाईंको संतुलित जीवनशैलीको चाहनाको बारेमा खुलासा गर्दछ।

## उपसंहारः

थप जानकारीको निम्ति पढ्नुहोसः *पाट्रियार्क एण्ड प्रोफेटस्* पृष्ठ ४४-५१मा उल्लेखित “द क्रियशन", *द ग्रेट कन्टोभर्सी,* पृष्ठ ६७५-६७८को “द कन्त्रोभर्सी (येशू र सैतान बिचको बिबाद) एन्डेड"।

“‘यस संसारको सृष्टि भएकै दिन देखि नदेखेका परमेश्वरका सदगुणहरू देखिने सम्भव भएको पाइएको छ। परमेश्वरको अनन्तको सक्ति र उहाँ को हुनुहुन्छ भनेर जानकारी दिने ज्ञानको बारेमा म भनिरहेको छु’ रोमी १:२०। जतिसुकै रमणिय र सुन्दर भएतापनि बर्तमान प्रकृतिले अदन बँगैचाको बारेमा धमिलो धारणा मात्र हामीलाई थाहा छ। पापले गर्दा यस धर्तीका सुन्दरतालाई नराम्रोसँग बिगारेको छ। पृथ्वीका सबै क्षेत्रहरूमा हामीले पापको बिनाश देख्न सक्छौं। तर अझै कतिपय सुन्दर कुराहरू यस पृथ्वीमा छन्। सनातन परमेश्वरको हामीप्रति महान् हित, दया, करूणा, सदाशयता र प्रेमलाई प्रकृतिले आजपनि प्रसस्तमात्रामा खुलासा गरिरहेको छ। यस पृथ्वीलाई परमेश्वरले आनन्दमय बनाउनुभएको र जीवन दिनुभएकोबारेको ज्ञानमा हामी अनभिज्ञ हुनुपर्नेछैन। बिग्रेको अवस्थामा पनि महान् तथा कुशल शिल्पकार परमेश्वरको हातले यस पृथ्वीलाई कसरी सजाउनुभएको छ भनेर हामी देख्न सक्दछौं। हामी जता फर्कैपनि परमेश्वरको आवाज सुन्न सक्छौं र हामी प्रति उहाँको प्रेम अर्थात् उदारताका उदाहरणहरू देख्न सक्दछौं।"-एलेन जी ह्वाईट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. २३४बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. बातावरण र संसारको तापाक्रम कसरी बढेर यस पृथ्वीको अस्मिता हरण भइरहेका छन् भन्ने बिषयलाई आजका बिभिन्न बिद्युतिय तथा अखबार सञ्चार माध्यमहरूले आवाज उठाइ रहेका छन्। तपाईंको देश, समाज र चर्चले यस बिषयमा कस्तो भूमिका खेलिरहेकाछन्?

२. यस संसारमा करौडौं वर्ष लगाएर संयोगले मात्र सृष्टि भएका हौं भनेर नास्तिक तर्कका विद्वानहरू र हामी येशूभक्त हौं भनेर दावी गर्नेहरूमा वातावरणका विषयवस्तुलाई कस्तो फरक दृष्टिकोण भएको पाइएको छ?

३. सब्बथ दिनपनि वातावरणलाई सन्तुलन राख्न कसरी सहयोगी हुनसक्दछ? सब्वथलाई सम्मान गर्नेहरू अझ असल वातावरण बिज्ञ हुनुपर्दछ भन्ने तर्क तपाईंलाई कस्तो छ?

४. येशू छिट्टै आउँदै हुनुहुन्छ भन्दैमा के यस पृथ्वीका वातावरणप्रति चिन्तित हुनुपर्दैन र? यसलाई वाख्या गर्नुहोस्।

५. संसारको कतिपय देशहरूमा वातावरणको बिनाशले गर्दा मानिसका स्वास्थ्यलाई कसरी हानी पुऱ्याएको छ भन्ने कुरामा केहि खोजअनुसुन्धान गर्नुहोस्। तपाईंको आफ्ने समाजमा कस्तो छ? तपाईंको चर्चले यस बिषयमा कस्तो सक्रिय भूमिका खेल्नसक्छ र खेल्नुपर्दछ? यस्तो किसिमको लाभप्रद कार्यक्रममा तपाईंले कस्तो सहयोग गर्न सक्नुहुन्छ?

६. तपाईंको जीवनशैलीमा कस्तो परिवर्तन ल्याउनुपर्दछ जसले गर्दा वातावरणलाई राम्रो प्रभाव पार्न सकिन्छ? तपाईंले यसको निम्ति कत्तिको त्याग गर्न सक्नुहुन्छ? (चुरोट जस्ता कुलत पदार्थले पनि वातावरणलाई प्रत्यक्ष्य रूपमा असर पार्न सक्छ त्यसको बारेमा जनमानसमा सचेत गराउन तपाईं कत्तिको सक्रि हुनुभएको छ?)